# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।११।२३ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला हुलाक कार्यालय, कञ्चनपुरमा कार्यरत टाईपिष्ट ना.सु. प्रेम सिंह कार्कीको शैक्षिक योग्यताको प्रमाण-पत्र झुठ्ठा/नक्कली रहेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले श्री पञ्चदेव महानन्द माध्यमिक विद्यालय रिम, बैतडीबाट कक्षा १० को टेष्ट परीक्षा उत्तीर्ण गरेको झुठ्ठा/नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्रका आधारमा सरकारी सेवा प्रवेश गरी लाभ तथा सुविधा लिएको पुष्टि हुन आएको देखिंदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिएको हुँदा निज आरोपी तत्कालीन टा.ना.सु. प्रेम सिंह कार्कीलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला